# आदिवासी जनजाति: शेर्पा

**सुविधा वञ्चित समूह**

**संस्था:** नेपाल शेर्पा संघ, टुसाल, बौद्ध, काठमाडौं ।

नेपालको हिमाली क्षेत्रमा परापूर्वकाल देखि बसोबास गर्दै आएका बौद्ध धर्मावलम्बी शेर्पाहरुको आफ्नै मौलिक इतिहास संस्कृति, रहनसहन र परम्परा छ । शेर्पाहरुको पुख्यौंली थलो खुम्बु क्षेत्रमा ई.सं.१९५० अगाडी कुनै विदेशी अध्ययन अनुसन्धान तथा पर्वतारोहणका लागी प्रवेशाज्ञ थिएन । शेर्पा जाति इमान्दारी, परिश्रमी, कुशल पर्वतारोहणका कारण विश्वभर परिचित छन् । शेर्पा भाषामा "श्यार"को अर्थ पूर्व र "पा" को अर्थ बासिन्दा हुन्छ । युगौं देखि नेपालको पूर्वी भागमा बसोबास गर्दै आएकाले श्यारपा अर्थात शेर्पा भनिएको मानिन्छ । राष्ट्रिय जनगणना २०६८ अनुसार शेर्पा जातिको कुल जनसंख्या ११२,९४६ रहेको छ ।

शेर्पाहरु मंगोलाइड मूलका शारिरिक रुपमा हृष्टपुष्ट र बलिया, कालो कपाल, कालो आँखा, पातलो दाही जुङ्गा, चौडा अनुहार, सानो थेप्चो नाक र रातो वर्णका हुन्छन । शेर्पाहरुको परम्परागत पेशा पशुपालन, कृषि र ब्यापार भएता पनि हाल आएर यिनीहरु पर्वतारोहण र त्यससँग सम्बन्धित पेशा ब्यवसायमा आबद्ध रहेका छन्।

बौद्ध धर्म यिङमापा सम्प्रदायका महायायी रहदै आएका शेर्पाहरुको संस्कृति परम्परा र ब्यवहार बौद्ध दर्शनमा आधारित छ । यिनीहरु तिब्बत भोट बर्मेली भाषा परिवार अन्तर्गतको सेरवी ताम्ङे अर्थात शेर्पा भाषामा बोलचाल र लेखनमा सम्भोटा लिपी प्रयोग गर्दछन् । शेर्पाहरुले बोल्ने भाषालाई शेर्वी तामङे/ ताम्गे भनिन्छ । यो भाषा बोडिश शाखामा पर्ने शेर्पाको प्रमुख ध्वनी विशेषता नाल हो । जनगणना २०६८ अनुसार शेर्पा भाषा बोल्नेको संख्या ११४,८३० रहेको छ ।

शेर्पाहरुको विभिन्न थर र उपथरहरु हुन्छन । मिङयाक्पा, च्यावा, थिमी र लामा ४ किसिमका थर छन् । यी चार थर भित्र मिङयाक्पा अन्तर्गत टक्थो, गोले, गर्जा, पिनासा, पाङकार्मा, पेनाक्पा, युलगोङमा, शयरीतोपा, मेन्देवा, खापा, शिरे उपथरहरु रहेका छन। थिमी अन्तरगत पाल्दोर्जे, मुर्मीनछो, गोपर्मा, छ्युश्येवा, सलाका ल्हाक्श्यीन्थो, पेफुलो, ठोम्पा छन्। च्यावामा कुनै उपथर छेन । रुसम्दा अन्तरगत ल्हुक्पा, नावा, श्याङकु, पेफोले, साक्याप, खाम्पा, सोनाक्पा, मुर्मिन र जोडनापा छन । प्रत्येक थर समूहले भिन्दा भिन्दै देवी देवताहरुको पुजाआजा गर्ने गर्दछ ।

पौराणिक कथा मौखिक कथालाई आधार मान्दा शेर्पाहरु पूर्वी तिब्बतको खाम क्षेत्र साल्मोगाङ (वर्तमान चीनको सिचुआन प्रान्त)बाट बसाई सरेर नेपाल प्रवेश गरेका हुन भनिन्छ । कसैले १५ देखि १६ औं शताब्दीको अवधिमा तिब्बतको कोको नोर प्रदेशबाट मंगोलहरुको सैनिक आक्रमणका कारण बसाई सरेको उल्लेख गरेका छन् ।

शेर्पाहरुको मूलथलो सोलुखुम्बु जिल्लाको उत्तरी क्षेत्र दूधकोशी तथा सुनकोशी नदीको उपत्यका र त्यस क्षेत्रको आसपासको भू-भाग हो । यस ठाउँमा रहेका हिमाल, पहाड, खोलानाला, जङ्गल र संसार कै सबैभन्दा अग्लो शिखर सगरमाथाको मौलिक नाम "ज्योमोलाङमा" नाम समेत शेर्पा भाषामा नै रहेका छन्। शेर्पा जातिको बस्ती अन्य पहाडी जिल्लाहरु ताप्लेजुङ, पाँचथर, इलाम, भोजपुर, संखुवासभा, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, उदयपुर, रसुवा र ओखलढुंगामा पनि पाइन्छ ।

शेर्पाहरुको बसोबासको थलो समुद्र सतहबाट ६,००० देखि १४,००० फिट सम्मको उच्च भु-धरातलमा अवस्थित रहेको हुन्छ । शेर्पाहरुको परम्परागत घर ढुंगाको गारो र काठका चिरपट र च्येप्टो ढुंगाले बनेका हुन्छन ।मालिङ्गोले छाइने शेर्पा घरहरु प्राय दुई तले हुन्छन । घरको तल्लो तला याक र चौरी जस्ता चौपाया बाँध्ने र दाउरा राख्ने गरिन्छ भने माथिल्लो तला बसोबासका लागी प्रयोग गरिन्छ । शेर्पा घरमा एउटा कोठा छ्योश्याम/ लाखाङ अर्थात पूजा कोठाको लागी छुट्याइएको हुन्छ । भगवान बुध्द, गुरु रिम्पोछेका मुर्ति र थाङ्का तस्विरहरु साथै कङ्ग्युर, तेन्ग्युर जस्ता धार्मिक ग्रन्थहरु पुजा कोठामा राखिएका हुन्छन । शेर्पा बासस्थानमा कनी (प्रवेशद्वार) छ्योर्तेन, मनी (मन्त्र कुँदिएको ढुंगा), गोन्पा र घरहरुको समग्रताबाट एउटा सिङ्गो गाँउ निर्माण भएको हुन्छ । गोन्पा शेर्पाहरुको प्रमुख धार्मिक तथा शैक्षिक संस्था हो ।

शेर्पाहरु हिमाली क्षेत्रमा बसोबास गर्दै आएकाले उनीहरुको धार्मिक, साँस्कृतिक महत्व, रितिरिवाज, लवाईखवाई, लोकगीत, लोककथा हिमाल र पहाड सँगै जोडिएको हुन्छ । हिमाली भेगमा बस्ने भएको हुँदा यिनीहरु न्यानो लुगाहरु लगाउँदछन् । लामा गुरुहरुले लगाउने पहेंलो र रातो लुगालाई थचे भनिन्छ । देब्रे काँध देखि दाहिने हातको काखी मुनि सम्म याङ्लु बेर्ने गर्दछन विशेष प्राथनाको समयमा लामो चुच्चो परेको पहेंलो टोपी "से-झे" लगाउँदछ । औतारी लामाले विशेष "पे-रिङ" टोपी लगाउँदछ । विवाहमा बेहुलाले लगाउने कपडालाई छयुवा भनिन्छ। बेहुलीले लगाउने कपडालाई आङ्गी भनिन्छ । परम्परागत शेर्पा महिलाहरु, आङ्गी वा आङ्दुङ (बाहुला बिनाको लामो बख्खु), मो स्या (टोपी), काचा (एक प्रकारको जुत्ता), काचा स्याङसेन, कोहोन र क्वा गरी तीन प्रकारका हुन्छन् । महिलाको शरीरको अगाडी पट्टी लगाउने कपडालाई दोङटिल र पछाडि पट्टी लगाउनेलाई मटिल भनिन्छ । मटिल चाहि विवाहित महिलाले मात्र लगाउँदछन् । शेर्पा पुरुषहरुको परम्परागत पोशाक ऊनको लामो गाउन छ्युवा, सिल्क कमिज-तेतुङ, कपडाको पेटी-कारा, ऊनको टोपी-स्योमुङ छिरिङ किङकाप हुन् । विशेष अवसरमा महिला पुरुष दुवैले स्यमूङ च्याङदा (फराकिलो टोपी), बास्या (टोपी) र काचा (एक प्रकारको जुत्ता) लगाउँदछन् ।शेर्पा महिलाहरु जि, यू, छुरु, पोसेल, ग्यन्जीन, सुटुक, माली, घौ मुगा, अलुङ, प्याकुर, फाङजी जस्ता पत्थर र सुन चादीका गरगहना लगाउँदछन्। सेर्गी मेन्दोक "सुनको फुल" र सेर्गी टिकटिक (सुनको पाताको हार) विशेष चाडपरवमा लगाउँदछन्।

शेर्पाहरु हिमाल पहाडमा देवीदेवताको बास स्थान रहेको विश्वास गर्दछन्। त्यसैले हिमाल, पहाड र खोलाहरुमा धूप बालेर पूजा गर्ने, लुङता र दर्च्यो लगाउने गर्दछ । हिमालमा देवीका पाँच जना दिदी बहिनी बसोबास गर्ने कुरामा यिनीहरु विश्वास गर्दछन्। टासी छिरिङमाले लामो आयु प्रदान गर्ने, टेकार बोसाङमाले सुख, सफलता र समृध्दि गर्ने, च्यापेन दिनसाङमाले धन प्रदान गर्ने, तिङ्गी शालसाङमाले परेन्द्रिय ज्ञानको प्रबर्द्धन गर्ने तथा ज्योमोलोङमाले खाधवस्तु र पोषण प्रदान गर्ने विश्वास गरिन्छ । यसैले शेर्पाहरु हिमाल चढ्नु पूर्व उक्त हिमालको पूजा गरी अनुमति लिने र सफलताको कामना गर्ने गर्दछन् । खुम्बु क्षेत्रमा बसोबास गर्ने शेर्पाहरु खुम्बिलालाई गाउँको संरक्षण गर्ने देवीको रुपमा पूजा गर्दछन् ।

शेर्पाहरु धार्मिक र सामाजिक गरी दुई प्रकारका चाडपर्वहरु मनाउने गर्दछन । मनिरिम्डु, ज्युङने, डुम्जी, चिरीम र ओशो आदि धार्मिक चाडपर्वहरु हुन भने लोसार, ज्युङने, फाग ङही, मनिरिम्डु, दुम्जो र यार च्याङ सामाजिक चाड पर्वको रुपमा मनाउदै आएका छन् । धार्मिक चाडपर्व लामा र आनीहरुले गोन्पामा पूजा गरेर मनाउँछन भने सामाजिक चाडपर्व स्थानीय गाउँले, परिवार र आफन्तजनहरु भेला भएर मनाउने गर्दछन । धार्मिक सांस्कृतिक संस्कारहरुमा लामा विधिमा बाजागाजा बजाउँदछन् । बाजागाजामा डामयाङ (तीनतारे टुंगना बाजा), ग्यलिङ (मुरली जस्तै), बुकश्याल (झ्याम्टो), काङलिङ (खुट्टाको नली हाड), दोमार ठिल्बु (घण्टी), ङह (ढ्याङ्ग्रो), थुङ (शंख), च्यो (हातको औंलाले बजाउने सानो टेम्को), रादुङ (दोमार भन्दा ठूलो ढोलक), कुङ्बु, दोर्जी, तिङश्या आदि ।

यिनीहरु आलु, उवा, जौ र गहुँ खाध बाली लगाउँछन । वस्तुभावहरु याक, नाक, जोप्क्यो, जुमो, भेडा, बाखा आदि पाल्दछन । यिनीहरु नून, ऊन, जडिबुटी, पिठो, मासु, लत्ताकपडा, धूप आदी ब्यापार गर्दछन । खुम्बु क्षेत्रका प्रत्येक शेर्पा गाउँमा खेतिपातीका लागी ओशो नावा र पशुपालन र वनजङ्गलका लागी सिङ्गी नावा नियुक्ति गरिन्थे । नावाको छनौट गर्ने कुनै ठोस नियम नभएता पनि गाउँका विशिष्ट ब्यक्तिहरु मिलेर नावा छान्ने गरिन्थ्यो । कसैले नियम उल्लंघन गरे नावाले जरिवाना तिराउने गर्दथे । यसरी संकलित जरिवाना रकम गोन्पाको कोषमा जम्मा गरी त्यसबाट गाउँमा बाटो, पुल आदीमा खर्च गरिन्थ्यो ।

शेर्पाहरुको लोककथा अन्तरगत हिमालमा बस्ने यति पनि पर्दछ । यति शब्द शेर्पा भाषाको "येह"(चट्टान) र "तेह"(जन्तु) मिलेर चट्टान जस्तै जन्तु भनेर दावी गर्छन् । शेर्पा समुदायमा अलौकिक शक्तिको रुपमा यतिलाई छ्युती, मिते र तेलमा गरी तीन प्रकारको रहेको विश्वास गर्दछन् ।

बौद्धमार्गी शेर्पा जातिले नयाँ वर्ष "लो" को गणना नाक्ची र कर्ची ज्योतिषशास्त्रको आधारामा गरिन्छ । नाक्ची ज्योतिषशास्त्र ग्यनाग (चीन) बाट प्रचार भएको मञ्जुश्री भाषित र कर्ची ग्यकार भारतबाट प्रचार भएका कालचक्र हुन्। यसमा १२ वर्षलाई विभिन्न जीवजन्तुको नामबाट नामाकरण "लोखोर" गरिएको हुन्छ । शेर्पाहरु चन्द्रमास पात्रो अनुसार लोखोर च्यूजी बाह वर्षको चक्रमा जेठो च्यिवा मुसा वर्ष, जेठो महिना ताक दावा-बाघ महिना, दिन र समयको गणना ह्रोलो -खरायो वर्षबाट गणना शुरु हुन्छ ।